आ.व. ०८२/८३ को बाह्रौं बैठक

आज मिति २०८२ साल चैत्र १६ गते सोमबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री इन्द्र कमल श्रेष्ठ | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

अधिकृत छैटौं श्री शिव कुमार काम्बाङ

का.स. श्री शान्ता लिम्बु

## निर्णयहरु:

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री इन्द्र कमल श्रेष्ठज्यूबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-२

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगरको च.नं.-८८२, मितिः २०८२/११/२८ गतेको आगामी आ.व. ०८३/०८४ मा प्रदेश समपुरक अनुदान अन्तर्गत संचालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी पत्रानुसार आ.व. २०८३/८४ को लागि प्रदेश सरकारको समपुरक अनुदानबाट संचालन गरिने आयोजनाको लागि यस गाउँपालिका अन्तर्गत तपसिल बमोजिमको आयोजनाहरु श्री आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा प्रस्ताव पेश गर्ने निर्णय सर्वसहमतिले गरियो।

तपसिलः

१. ४ नं. वडा कार्यालयको भवन निर्माण, पाथीभरा याङवरक गाउँपालिका वडा नं.-४, डुम्रिसे, ताप्लेजुङ।

२. पालिकास्तरीय खेलमैदान निर्माण, पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ।

निर्णय नं.-३

यस गाउँपालिकामा मितिः२०८२/०९/२५ गते देखि २७ गते सम्म तिरिङ्गे मा.वि.मा सञ्चालित गाउँपालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड कार्यक्रममा विद्यालयहरुले सहभागी जनाए बापत हरेक विद्यालयको ५ जना शिक्षक र सहभागी विद्यार्थीलाई प्रति व्यक्ति रु. १५००।- को दरले सम्बन्धित विद्यालयलाई अन्य खेलकुद शिर्षकबाट व्ययभार हुने गरी भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-४

यस कार्यालयमा निवेदन दिएका तपसिल बमोजिमका निवेदकलाई विपन्न नागरिक उपचार सहायता कोष (औषधीपचार) बाट व्ययभार हुनेगरी आर्थिक सहायता उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

| क्र.स. | निवेदकको नामथर | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | लक्ष्मण दर्जी | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | ३०००० | |
| २ | विष्णु माया गुरुङ | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ३०००० | |
| ३ | आशिमा राई | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | ३०००० | |
| ४ | खेम राज विश्वकर्मा | पाथीभरा याङवरक-१, नाङखोल्याङ, ताप्लेजुङ। | २३००० | |
| ५ | नन्दमान इजम | पाथीभरा याङवरक-२, थेचम्बु, ताप्लेजुङ। | २५००० | |
| ६ | सुकमाया राई | पाथीभरा याङवरक-४, डुम्रिसे, ताप्लेजुङ। | ५०००० | |

निर्णय नं.-५

पाथीभरा याङवरक गाउँपालिका वडा नं.-१, नाङखोल्याङ निवासी श्री क्षितिज राई( ना.प्र.नं.०१-०१-७७-०१८२१) को नाममा दर्ता रहेको साविक नाङखोल्याङ गा.वि.स. को कि.नं. २८४, क्षेत्रफल १-११-२-० जग्गा सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माण गर्ने प्रयोजनार्थ पाथीभरा याङवरक गाउँपालिकालाई निःशुल्क नामसारी गरिदिन निजको मञ्जुरीनामा, निवेदन र १ नं. वडा कार्यालयको च.नं.४११, मितिः२०८२/१२/०९ को सिफारिस पत्र समेतको आधारमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (पहिलो संशोधन) कार्यनीति, २०८२ को अन्य प्रकृया पुरा गरी उक्त जग्गा यस गाउँपालिकाको नाममा नामसारी गराउनको लागि श्री जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङमा सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

यस गाउँपालिकाको प्रदेश प्र.१-०१-००१ झ २५० नम्बरको एम्बुलेन्स मर्मत वापत आ.व.०८०/०८१ र आ.व.०८१/०८२ को तपसिल बमोजिमको रकम भुक्तानी नभएको पाइएकोले सो रकम प्राप्त फोटोकपी बिल र मर्मत आदेशको आधारमा भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

| क.स. | आ.व. | मर्मत आवेदन मिति | कर विजक मिति | मर्मत सम्पन्न मिति | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०८०/०८१ | २०८१/०२/३० | २०८१/०२/३२ | २०८१/०३/०५ | ११६१७.९३ | भ्याट सहित |
| २ | ०८०/०८१ | २०८१/०३/०२ | २०८१/०३/०४ | २०८१/०३/०५ | १६८१४.४० | |
| ३ | ०८१/०८२ | २०८१/०४/०१ | २०८२/०३/१५ | २०८१/०४/१५ | ४४२२८.२० | |

निर्णय नं.-७

यस पाथीभरा याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको मितिः२०८२/१०/१३ गतेको बैठकको निर्णय नं.-०६ बमोजिम "निर्मित गुरुयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक निर्माण अनुदान" कार्यक्रमको लागि छनौट भएका विद्यालयहरु श्री महाकाली आ.वि., थेचम्बु र श्री नेपाल राष्ट्रिय आ.वि., थुम्वेदिनको मागको आधारमा अनुदान रकमको ५० प्रतिशतले हुन आउने रकम सम्बन्धित विद्यालयलाई अनुदान उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-८

यस गाउँपालिकाभित्र सञ्चालन भएको पालिकास्तरीय कक्षा-८ को वार्षिक परीक्षा सञ्चालन गरे वापत गाउँपालिकास्तरीय परिक्षा सञ्चालन तथा व्यवस्थापन शिर्षकबाट व्ययभार हुने गरी तपसिल बमोजिमका विद्यालयहरुलाई व्यवस्थापन खर्च वापत प्रति विद्यालय रु. १०,०००।- का दरले भुक्तानी गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

१. कालिका मा.वि., नाङखोल्याङ।
२. थेचम्बु मा.वि., थेचम्बु।
३. कालिका मा.वि., तिरिङ्गे।
४. सिद्धेश्वरी मा.वि., डुम्रिसे।
५. शारदा मा.वि., थुम्वेदिन।

निर्णय प्रमाणित र